**ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभाका विषयमा संस्थाद्वारा जारी गरिएको**

***प्रेश विज्ञप्ति***

१ ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को आ.व. २०८०/८१ अवधिको दशौं वार्षिक साधारण सभा २०८२ असार २८ गते शनिवार बुटवलमा भौतिक तथा भर्चुअल/विद्युतीय माध्यम मार्फत सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाको अध्यक्षतामा सम्पन्न भयो ।

२. साधारण सभामा उपस्थित हुन पाउने कुल शेयरधनी ९५,२०२ जना मध्ये संस्थापक समूह (क) मा २४,९३४ जना शेयरधनीको ६८,६८,४६१ कित्ता शेयर र सर्वसाधारण समूह (ख) मा ७०,२६८ जना शेयरधनीको २९,५६,५३९ कित्ता शेयर रहेकोमा संस्थाको दशौं वार्षिक साधारण सभामा निम्न बमोजिम उपस्थिति रहेको थियो ।

३. संस्थापक समूह (क) प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनी ९ जनाको २,०९,१२३ कित्ता शेयर र साधारण सभामा स्वयम् उपस्थित हुनु भएका ३७ जना शेयरधनीहरुको ५७,३९,४३९ कित्ता शेयर गरी जम्मा उपस्थित ४६ जना शेयरधनीको ५९,४८,५६२ शेयर कित्ता अर्थात ६०.५५ प्रतिशत संस्थापक शेयरको प्रतिनिधित्व रहेको थियो ।

४. **यसैगरी सर्वसाधारण समूह (ख) प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनी ७ जनाको १४३,९८६ कित्ता शेयर र साधारण सभामा स्वयम् उपस्थित १० जना शेयरधनीको ७५,९८३ शेयर कित्ता गरी जम्मा उपस्थित १७ जना शेयरधनीको २१९,९६९ कित्ता शेयर अर्थात २.२३ प्रतिशत सर्वसाधारण शेयरको प्रतिनिधित्व रहेको थियो ।**

५. यसरी संस्थापक र सर्वसाधारण दुबै समूहबाट गरी कुल ६३ जना शेयरधनीहरुको ६१,६८,५३१ कित्ता शेयर अर्थात साधारण सभामा ६२.७८ प्रतिशत शेयर संख्याको उपस्थिति रहेको हुँदा साधारण सभा वैधानीक रुपमा सञ्चालन भएको थियो ।

६. साधारण सभामा सम्पूर्ण सञ्चालक समितिका सदस्यहरु, नेपाल सरकार अर्थ मन्त्रालयका प्रतिनिधि, संस्थाका सम्पूर्ण शेयरधनी बैंक वित्तीय संस्थाका प्रतिनिधि र अन्य शेयर सदस्यहरुको उपस्थिति रहेको थियो ।

७. **संस्थाको साधारण सभा सम्बन्धी सार्वजनिक सूचना सम्पूर्ण शेयरधनीहरुको जानकारी तथा उपस्थितिका लागि प्रचलित कानुन बमोजिम २१ दिन अगावै साधारण सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरु खुलाई मिति २०८२/०३/०७ गते बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०८२/०३/०८ गते आर्थिक अभियान दैनिकमा दोस्रो पटक प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभाबारे विस्तृत जानकारी गराइएको थियो । साथै उक्त सूचना संस्थाको वेबसाइटमा समेत मिति २०८२/०३/०७ गते राखिएको थियो ।**

८. **वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले पूर्व सूचनामा जानकारी दिए अनुसार आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. र शेयर संख्याको विवरण वा परिचय खुल्ने कुनै आधिकारिक प्रमाणपत्र सहित उपस्थिति भएका शेयरधनीहरुलाई संस्थाको शेयर रजिष्ट्रार कार्यालयबाट खटिइ आउनु भएका प्रतिनिधिबाट हाजिर गराई साधारण सभामा सहभागी गराईको थियो ।**

CamScanner

९. दशौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाले सञ्चालक समितिकोतर्फबाट वार्षिक प्रतिवेदन पेश गर्नु भएपश्चात शेयरधनीहरुका लागि टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्न समय प्रदान गर्नु भएकोमा भौतिक तथा भर्चुअल/विद्युतीय माध्यम मार्फत शेयरधनीहरुले रचनात्मक टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

१० शेयरधनी महानुभावहरुबाट आएका जिज्ञासा एवम् महत्वपूर्ण सुझावहरु उपर अध्यक्षको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले जवाफ दिनु भएको थियो । तत्पश्चात साधारण सभामा सहभागी शेयर सदस्यहरुबाट कुनै जिज्ञासा नआएको हुँदा सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाले साधरण सभामा छलफलका विषयसूचीहरु साधारण प्रस्ताव र विशेष प्रस्तावलाई निणायार्थ पेश गर्नु भएकोमा सर्बसम्मतिबाट उक्त प्रस्तावहरु पारित भई साधारण सभाको समापन भएको थियो ।

यस संस्थाको दशौं वार्षिक साधारण सभाका बारेमा केही मिडियामा आएका विषय प्रति संस्थाको गम्भिर ध्यानाकर्षण भएको छ ।

१. साधारण सभामा प्रवेश गर्न र आफ्नो बीचार राख्न पाइएन भन्ने भनाइमा कुनै सत्यता छैन । वार्षिक साधारण सभामा भाग लिनका लागि आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. र शेयर संख्याको विवरण वा परिचय खुल्ने कुनै आधिकारिक प्रमाणपत्र नल्याएको अवस्थामा साधारण सभामा सहभागी हुन नपाउने विषय सूचनामा उल्लेख भएको थियो । आधिकारिक परिचय पत्र सहित उपस्थित शेयरधनीहरुलाई रोक थिएन ।

2 साधारण सभा सम्पन्न भएपश्चात केही मिडियाहरुमा एकतर्फी रुपमा सत्य तथ्य कुरा नबुझि चर्चामा आउन सभा सम्पन्न भएपश्चात खाली कुर्चीको फोटो राखी समाचार संप्रेषण गर्नु पत्रकारीताको आचारसंहिता र मर्यादा विपरित रहेको संस्थाको ठहर रहेको छ ।

3 यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धी विषयमा संस्थामा कृयाशील तीनवटै युनियनहरुका अध्यक्ष तथा प्रतिनिधीहरुसंग संस्थाको उच्च व्यवस्थापन र प्रमुख कार्यकारी अधिकृतसंग विगत चार पाँच महिना अगाडी देखि ठिक छ भनेको गत वर्षको नवौं साधारण सभाको निर्णयलाई कार्यान्वयन गर्ने सिलसिलामा संयुक्त मर्जर समिति गठन भै गत फागुन महिनामा निवेदन पेश गरी नेपाल राष्ट्र बैंकबाट प्रारम्भिक स्वीकृति आएको र मर्जरका विषयमा लेखापरीक्षकबाट Due Deligence Audit, DDA भई विस्तृत अध्ययन प्रदिबेदनका आधारमा मर्जर प्रकृयालाई सम्पन्न गर्न साधारण सधारणबाट पास भएको हो ।

4 संस्थामा कृयाशील तीनवटै युनियनहरुमध्ये नेपाल राष्ट्रिय कर्मचारी संगठनका पदाधिकारी भएका शाखाहरुमा ५ महिना अघि नै डि डि ए भएकोमा यस विषमा कुरै उठाइएन । मर्जर उपयुक्त थिएन भने शुरुमै किन प्रश्न उठाइएन । जब ने रा बैंकबाट सैध्दान्तिक सहमति आएर साधारण सभाको सूचना प्रकाशित भएपछि राजनीतिक र व्यक्तिगत स्वार्थका कारण साधारण सभाको अन्तिम चरणमा आएर विरोध गर्नु, अप्रमाणित र निराधार कुरालाई हवला दिदै पत्रकार सम्मेलन गरी मिडियाबाजी गर्नुले व्यक्तिगत चरित्रहत्या गर्ने कुप्रचार र संस्थाको

परिक्षामा असर पुगेको हुंदा यस कार्यप्रति संस्थाकोतर्फबाट सत्यतथ्य उजागर गरि भ्रमपूर्ण कुराप्रति घोर भर्त्सना गर्दछौं ।

5 संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले आफ्नो कार्यकाल बढाउन मर्जर गर्न लागेको भन्ने विषयमा कुनै सत्यता नरहेको र प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवाको सेवा अवधी अझै बांकी रहेको मर्ज गर्दा ठिक छ हाम्रो बिमति छैन भन्नेले आज आएर आफ्नो कार्यकाल बढाउने भन्ने बिषय बढाई चढाई गरी पत्रकार सम्मेलन गर्नु हास्यास्पद बाहेक अन्य केही होइन ।

6 संस्थाको मर्जर जस्तो संवेदनशील विषयमा नियामक संस्थाको नीतिनियम बमोजीम हुने र पछिल्लो समयमा नेपाल राष्ट्र बैंकले समेत लघुवित्त वित्तीय संस्थाहरुको मर्जरलाई जोड दिदै आइरहेको छ ।

7 मर्जर पश्चात संस्थाको पुंजी वृद्धि हुने, पुंजी कोष पर्याप्तता सीमाभन्दा निकै माथि हुने जसले गर्दा कर्जा लगानीको दायर फराकिलो हुनेछ, एकै स्थानमा रहेका शाखाहरु मर्ज गरी खर्च घटाउन सकिने छ, दुवै संस्थामा कर्जा लिएका सदस्यहरुलाई ने रा बैंकको नीति अनुसार सीमा भन्दा बढीको कर्जा भुक्तानी समय बढ्ने छ जसबाट सदस्य लाभान्वित हुने छन् र कर छुट लगायत अन्य सुविधा प्राप्त हुने हुंदा भविष्यमा संस्थाले लाभ लिने देखिन्छ । समाज लघुवित्तको प्रति शेयर मुल्य २४०० भन्दा बढी छ भने ग्रामीणको ८०० को हाराहारी रहेको छ । त्यस्तै ग्रामीण लघुवित्त संचित नोक्सानीमा नै रहेको छ भने समाज संचित नाफामा रहेको छ । यी वित्तीय सूचकहरुको आधारमा कुन संस्था ठिक भन्ने आफै उजागर हुन्छ जुन दुवै संस्थाको वेबभ साइटमा राखिएको वित्तीय विवरणले देखाएकै छ । सत्य तथ्य विवरणलाई तोडमोड गरी भ्रमपूर्ण कुप्रचार गरी मर्जर अभियनमा भांजो हाल्ने दुष्प्रयास मात्र भएको छ ।

8 अतः स्वतन्त्र लेखापरीक्षकबाट प्राप्त डि डि ए को रिपोर्ट अध्ययन नगरी सतही रुपमा वित्तीय सूचकांकको आधारमा प्रचार गर्नु बदनियत मात्र देखिन्छ । भावष्यमा दुवै संस्था मर्ज भएपछि Synergic Effect, यसको अर्थ 2 +2= 4 होइन 5 हुनेछ ।

अन्त्यमा आदरणीय शेयरधनी महानुभावहरुले सम्मानित सभामा गरिमामय उपस्थिति जनाई साधारण सभा सफलता पूर्वक सम्पन्न गर्न पुऱ्याउनु भएको सहयोगका लागि संस्थाको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

धन्यबाद

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
प्रधान कार्यालय बुटवल ।